# क्षयरोग कार्यक्रम कार्यसञ्चालन मार्गदर्शन
# (प्रदेश स्तर)

## २०७८

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र
थिमी, भक्तपुर
असार, २०७८

१ मुख्य मन्त्रीको अध्यक्षतामा प्रदेश स्तरीय क्षयरोग अन्त्य समितिको गठन सञ्चालन र प्रदेश संसदीय समिति एवं PPM समितिको बैठक सञ्चालन
२ क्षयरोग मुक्त स्थानीय तह अभियानका साथै सूक्ष्म योजना तर्जुमाका विभिन्न क्रियापलापहरू
३ एकिकृत स्वास्थ्य व्यवस्थापन, इ.टि.बि रजिष्टर र डि एच आइ एस सम्वन्धि तालिम तथा चौमासिक कोहर्ट समीक्षा गोष्ठी
४ जिल्लास्तर क्षयरोग कोहर्ट विश्लेषण तथा अर्ध बार्षिक समीक्षा गोष्ठी
५ पुनः उपचारमा दर्ता भएका एवं असहाय तथा गरीब बिरामीहरुलाई उपचार अवधिभर पोषण भत्ता
६ आवश्यकतानुसार टिवी एच यम आई यस टुल्स छपाई
७ आधारभुत माइक्रोस्कोपी तथा एल क्यू एस एस सम्बन्धी तालिम
८ क्षयरोगका जाखिम समुहमा क्षयरोग स्क्रिनिङ तथा सक्रिय खोजपडताल कार्यक्रम सञ्चालन
९ निजी मेडिकल कलेज, संधीय, प्रादेशिक तथा अन्य अस्पतालमा औषधी प्रतिरोधी क्षयरोग सम्बन्धी सि.एम.इ
१० स्थलगत अनुशिक्षण तथा अनुगमन र विश्व क्षयरोग दिवस मनाउने
११ प्रदेश आपूर्ति केन्द्रबाट जिल्ला सम्म औषधि ढुवानी तथा कार्यक्रम सम्बन्धि सुपरिबेक्षण
१२ एम डी आर सेन्टर सब सेन्टर नयाँ विस्तार एवं संचालनमा भएकालाइ आवस्यक सुदृढिकरण
१३ औषधि प्रतिरोधी क्षयरोग (डि.आर.) को व्यवस्थापन सम्बन्धी आधारभुत तालिम
१४ औषधि प्रतिरोधी क्षयरोगका विरामीको उपचार व्यवस्थापनका लागी होस्टेल सञ्चालन अनुदान
१५ औषधी प्रतिरोधी क्षयरोगका बिरामीहरूका लागि पोषण, यातायात तथा आधारभूत परीक्षण तथा जटिलता व्यवस्थापन खर्च तथा जटिलता व्यवस्थापन खर्च
१६ औषधी प्रतिरोधी क्षयरोगका बिरामीहरूका लागि पोषण, यातायात तथा आधारभूत परीक्षण तथा जटिलता व्यवस्थापन खर्च तथा जटिलता व्यवस्थापन खर्च (बिरामी र मागका आधारमा नपुग रकम )
१७ औषधी प्रतिरोधी क्षयरोगका बिरामीहरूका लागि पोषण, यातायात तथा आधारभूत परीक्षण तथा जटिलता व्यवस्थापन खर्च
१८ डि. आर. उपचार केन्द्र स्तर चौमासिक मुल्यांकन समिक्षा गोष्ठी
१९ अटोमेटिक पि सी आर (जिन एक्स्पर्ट) बिस्तार गर्न एसी, प्रिन्टर, ब्याकअप लगायतका सामाग्री खरिद एबम फिटिंग खर्च
२० आकस्मिक व्यवस्थापन खर्च ( एन्सिलरि औषधि खरिद री एजेन्ट,माइक्रोस्कोपिक मर्मत तथा ढुवानी खर्च,अन्य आवश्यक सामग्री खरीद आदि)
२१ जिन एक्स्पर्ट परिक्षण तथा व्यवस्थापन, मर्मत तथा कार्य संचालन, एक्सपर्ट तथा इन्टरनेट खर्च (जडान एवम महसुल खर्च)
२२ प्रदेश गुणस्तर नियन्त्रण प्रयोगशालाहरुका लागी कर्मचारी निरन्तरता
२३ ल्याव रिजेन्ट तथा कन्जुमेबल्स खरिद ढुवानी तथा स्थलगतअनुशिक्षण अनुगमन क्यू सी स्लाक्षड कलेक्सन (क्यू सी सेन्टर प्रदेश जनस्वास्थ्य प्रयोगशाला)
२४ प्रदेश कल्चरका ल्याबका लागी आवस्यक कार्यालय संचालन खर्च एबं जिल्लाहरु बाट खकार ल्याई परिक्षण गर्न कुरियर सेवा लिने
२५ प्रदेशका कल्चर तथा डी.एस.टि. प्रयोगसाला सुध्रिढिकरण गर्ने तथा मर्मत सम्भार एबम उपकरण खरिद
२६ प्रदेशस्तरीय कल्चर ल्याबका लागी ल्याब कर्मचारीको निरन्तरता
२७ बाँकेमा प्रादेशिक क्षयरोग रेफरल सेन्टर भवन निर्माण
२८ राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा क्षयरोग उपचार केन्द्र व्यवस्थापन एवं सुदृढीकरण

२९ विश्व क्षयरोग दिवस मनाउने र स्थलगत अनुशिक्षणा तथा अनुगमन (जिल्ला बाट पालिका सम्म आपतकालिन अवस्थामा औषधि, ल्याब सामाग्री तथा अन्य बस्तु ढुवानी समेत)

३० स्थानीय तहहरुलाई eTB सम्बन्धी तालिम

३१ क्षयरोग सम्बन्धि मोडुलर तालिम

१ **मुख्य मन्त्रीको अध्यक्षतामा प्रदेश स्तरीय क्षयरोग अन्त्य समितिको गठन सञ्चालन र प्रदेश संसदीय समिति एवं PPM समितिको बैठक सञ्चालनः**

यस सम्बन्धमा संघमा प्रधानमन्त्रीको अध्यक्षतामा क्षयरोग अन्त्यको समिति गठन पश्चात पछि पठाइने छ । PPM समितिको बैठक सञ्चालनका सम्बन्धमा PPM समिति गठन भैसकेकोले स्वास्थ्य निर्देशनालयबाट उक्त बैठक सञ्चालन गर्ने गराउने व्यवस्था गर्नुपर्नेछ

२ **क्षयरोग मुक्त स्थानीय तह अभियानका साथै सूक्ष्म योजना तर्जुमाका विभिन्न क्रियापलापहरूः**

यस सम्बन्धि छुट्टै निर्देशिका स्वीकृत पश्चात पठाईनेछ ।

३ **एकिकृत स्वास्थ्य व्यवस्थापन, इ.टि.बि रजिष्टर र डि एच आइ एस सम्वन्धि तालिम तथा चौमासिक कोहर्ट समीक्षा गोष्ठीः यस क्रियाकलाप अन्तर्गत २ वटा क्रियाकलप छन्** ; पहिलो eTB Register/DHIS2 सम्वन्धि स्वास्थ्य संस्थालाइ दुइ दिने तालिम , र दोस्रो क्रियाकलाप हो प्रदेश स्तरमा अर्ध बार्षिक समिक्षा ।

<table>
<tr><td>कार्यक्रमको नाम</td><td>एकिकृत स्वास्थ्य व्यवस्थापन, इ.टि.बि रजिष्टर र डि एच आइ एस सम्वन्धि तालिम</td></tr>
<tr><td>परिचय</td><td>क्षयरोग बिरामीहरूको व्यक्तिगत विवरण वास्तविक समयमै प्राप्त गरि क्षयरोगको epidemiological विश्लेषण द्वारा आवश्यक रणनीति तथा क्रियाकलाप विकास गर्न सहयोग पुर्याउन एवं बिरामीको उपचारको अवस्था वास्तविक समयमा प्राप्त गरि प्रभावकारी अनुगमन तथा पृष्ठपोषण गर्न eTB Register विकास भएको हो । eTB Register ले क्षयरोग उपचार रजिष्टरमा भएका बिरामीको सबै विवरणहरूलाई eTB register मा विद्युतिय रूपमा प्रतिलिपि उतारिने हुदा बिरामीको सबै विवरण प्राप्त गरि थप विश्लेषण गर्न मद्दत पुग्ने छ ।क्षयरोग कार्यक्रमको तथ्यांक राख्ने सबै स्वास्थ्यसंस्थाहरुले अभिलेख तथा प्रतिवेदन राख्न आवश्यक ज्ञान तथा शिपको विकास गर्न सबै स्वास्थ्यसंस्थाहरुको क्षयरोग कार्यक्रम फोकल पर्सनलाई दुई दिने तालिम संचालन गरि एच.एम.आई.एस. अन्तर्गतका क्षयरोग कार्यक्रमको अभिलेख तथा प्रतिवेदनका निमित्त प्रयोग हुने रेकर्डिङ तथा रिपोर्टिङका फर्म फरमेट र अनलाईन सफ्टवेर eTB Register को प्रयोग सम्वन्धी क्षमता अभिवृद्धि गर्न यो तालिमका राखिएको हो ।</td></tr>
<tr><td>उद्देश्य</td><td>क्षयरोग कार्यक्रमको अभिलेख तथा प्रतिवेदनका निमित्त प्रयोग हुने रेकर्डिङ तथा रिपोर्टिङका फर्म फरमेट एवं क्षयरोग उपचार रजिष्टरको अनलाईन सफ्टवेर eTB Register को प्रयोग सम्वन्धी स्वास्थ्यकर्मिहरुको ज्ञान तथा क्षमता अभिवृद्धि हुनेछ ।</td></tr>
<tr><td>अपेक्षित प्रतिफल</td><td>• क्षयरोग बिरामीको विवरण स्वास्थ्य संस्थाबाटै वास्तविक समयमा eTB Register का माध्यमबाट उपलब्ध हुने एवम् बिरामीको प्रतिवेदन HMIS मा interoperable प्रणाली द्वारा उपलब्ध हुने ।</td></tr>
<tr><td>कार्य सञ्चालन प्रकृयाः</td><td>कार्यान्वयन गर्नेः स्वास्थ्य निर्देशनालय वा स्वास्थ्य कार्यालय<br><table><tr><td>प्रदेश</td><td>तालिम संख्या</td></tr><tr><td>सुदुरपश्चिम प्रदेश</td><td>४</td></tr><tr><td>कर्णाली प्रदेश</td><td>४</td></tr><tr><td>लुम्बिनी प्रदेश</td><td>८</td></tr><tr><td>गण्डकी प्रदेश</td><td>६</td></tr></table></td></tr>
</table>

<table>
<tr>
<td></td>
<td>
<table>
<tr><td>बाग्मती प्रदेश</td><td>१०</td></tr>
<tr><td>प्रदेश नं १</td><td>८</td></tr>
<tr><td>प्रदेश नं २</td><td>१०</td></tr>
</table>
<ul>
<li>eTB Register र HMIS User manual को प्रयोग गरि तालिम संचालन गर्ने ।</li>
<li>यो कार्यक्रम संचालनपूर्व, कार्यक्रम संचालनको कार्ययोजना निर्माण गरी रा.क्ष.के. लाई जा क्षयरोगका</li>
<li>विरामी तुलनात्मकरुपमा धेरै भएका प्रदेशका तराई तथा भित्री मधेसका जिल्लाहरु छनौट गर्ने । छनौट भएका जिल्लाका स्वास्थ्य संस्थाबाट नै अनलाईन रिपोर्टिङ्गका लागि आवश्यक पूर्वाधार जस्तै कम्पयुटर, इन्टरनेट सेवा, कम्पुटर संचालनका लागि दक्ष कर्मचारीको उपलव्धता भएका स्वास्थ्यसंस्थाहरुको सूची निर्माण गर्ने उक्त सूचीहरु मध्येबाट प्राथमिकिकरण गरी तालिमका लागि स्वास्थ्य संस्था छनौट गर्ने ।</li>
<li>छनौट गरिएका स्वास्थ्य संस्था र त्यस स्वास्थ्य संस्थाबाट हुने सहभागिहरुको व्यक्तिगत सम्पर्क नम्वर सहितको विवरण संकलन गर्ने ।</li>
<li>यो कार्यक्रम संचालन हुनु पूर्व आवश्यक तयारी जस्तै कार्यक्रम संचालनको मिति र स्थान एकिन गर्ने, कार्यक्रम विषय सूची तथा पाठ्यक्रम तयार गर्ने र कार्यक्रममा सहभागिताका लागि स्वास्थ्य संस्थालाइ पत्राचार गर्ने ।</li>
<li>कार्यक्रम संचालन दुई भागमा विभाजन गरी संचालन गर्ने । प्रथम भागमाः क्षयरोग सम्वन्धी प्रयोग हुने HMIS रेकर्डिङ तथा रिर्पोटिङ फर्म तथा फरमेट सम्वन्धी तालिम संचालन गर्ने र दोस्रो भागमाः क्षयरोग उपचार रजिष्टरको अनलाईन सफ्टवेर eTB Register को प्रयोग सम्वन्धी तालिम दिने ।</li>
<li>तालिमका लागि क्षयरोग उपचार रजिष्टर, कम्प्युटर र इन्टरनेटको अनिवार्य व्यवस्था गर्ने ।</li>
</ul>
</td>
</tr>
<tr>
<td>कार्यक्रमको नाम</td>
<td>चौमासिक कोहर्ट समीक्षा गोष्ठीः</td>
</tr>
<tr>
<td>परिचय</td>
<td>क्षयरोग निदान तथा उपचार कार्यक्रम सञ्चालनमा आईपरेका समस्या तथा समाधानका उपाय बारे छफफल, भावि योजना तथा क्षयरोगका बिरामीको नोटिफिकेसन, उपचार नतिजाको विश्लेषण गर्न यो कार्यक्रम राखिएको हो ।</td>
</tr>
<tr>
<td>उद्देश्य</td>
<td>
<ul>
<li>क्षयरोग नियन्त्रण कार्यक्रमका सूचकहरुका आधारमा अर्धबार्षिक प्रगति विश्लेषण तथा बिवेचना गर्ने ।</li>
<li>कार्यक्रम कार्यान्वयनमा आई परेका समस्या पहिचान तथा समाधानका उपायहरु खाजि गर्ने ।</li>
</ul>
</td>
</tr>
<tr>
<td>कार्यक्रम सञ्चालन /कार्यान्वयन प्रकृया</td>
<td>
<ul>
<li>स्वास्थ्य निर्देशनालय बाट सञ्चालन गरिने</li>
<li>सहभागीहरूः जिल्लामा क्षयरोग कार्यक्रम हेर्ने फोकल पर्सन, स्वास्थ्य कार्यालयका ल्याव सुपरभाइजर, क्युसि सेन्टर प्रतिनिधि, प्रदेश आपुर्ति केन्द्र प्रतिनिधि, प्रदेश तालिम केन्द्र प्रतिनिधि, सहयोगी संस्थाका प्रतिनिधि, प्रदेश एवम संघिय अस्पताल प्रितनिधि लगायत अन्य सम्वन्धित निकायका प्रतिनिधि ।</li>
</ul>
</td>
</tr>
</table>

| | |
|---|---|
| | • अवधीः क्रियाकलापमा चौमासिक भनि उल्लेख भएतापनि यो बार्षिक र अर्धबार्षिक गरि २ पटक गर्ने।<br>• तोकिएका ढाँचामा स्वास्थ्य संस्था अनुसार प्रस्तुतीकरण गर्न लगाउने र विवेचना गर्ने<br>• **सञ्चालन अवधि २ दिन ।**<br>• क्षयरोग मासिक प्रतिवेदन तयार गर्दा भरेका ट्याली सीटहरू ,इ टिवि रजिष्टर र प्रस्तुतीकरण स्लाइड साथमा लिइ आउन सहभागीलाई पत्राचार गर्ने ,।<br>• समिक्षा गोष्ठी अघी eTB Master Register र DHIS 2 मा प्रविष्ट भएको क्षयरोग सेवाको तथ्याङ्क रूजू गरी consistence नभएको विवरण टिपोट गरी राख्ने ।<br>• राष्ट्रिय क्षयरोग कार्यक्रमले लक्ष्य तोकेका कार्यक्रमहरु ( DRTB समेतको) निर्दिष्ट सूचकांकहरुमा आधारित जिल्ला अनुसार प्रस्तुतिकरण गर्न लगाई लेखाजोखा गर्ने, अभिलेख राख्ने<br>• जिल्ला स्वास्थ्य कार्यालयबाट आउने ल्याव सुपरभाइजरले जिल्ला अनर्तरगतका स्पुटम माइक्रोसकोपी सेन्टरबाट संकलन गरिएका LQAS का लागि संकलन गरिएका ल्याव स्लाइड लिइ क्युसी सेन्टरलाइ उपलव्ध गराउने ।<br>• समिक्षा गोष्ठिमा छलपफ गर्ने विषयवस्तु<br>    • DS तथा DR TB पहिचान, निदान एवम उपचारका मा गरिएका क्रियाकलाप र त्यसका मुख्य सुचकांक को अवस्था ।<br>    • जिल्लामा चौमासिक अवधिमा क्षयरोगको निदानका लागि ल्याव परिक्षण कार्य (जिन एक्सपर्ट समेत) को मुल्यांकन, चुनौति र समाधानमा गरिएका कार्यको विश्लेषण र यि कार्यको क्यु.सि. सम्वन्धि कार्यको लेखाजोखा ।<br>    • अघिल्लो चौमासिक गोष्ठीमा औल्याईएका च चुनौती तथा समस्या समाधानका लागि गरिएका क्रियाकलाप र हाल उक्त समस्याहरूको अवस्था<br>    • क्षयरोग औषधि, ल्याब सामाग्री, कार्यक्रमका फर्मफरमेट आदिको उपलव्धता, मौज्दात एवम प्रयोग<br>    • क्षयरोग र कोमोर्बिडिटि जस्तै एच.आइ.भि., डाबिटिज, कोभिड १९ जस्ता सहसंक्रमण र त्यसका प्रभाव<br>    • सहयोगी संस्थाबाट संचालन भएका कार्यक्रमको उपलव्धि, समस्या तथा चुनौती र समाधानका उपायहरू<br>    • वार्षिक कार्यक्रम सञ्चालनमा आइपरेका समस्या तथा चुनौतिहरुको समाधानका उपाय खोज्ने ।<br>    • आपूर्ति तथा लेखासंग सम्वन्धित समस्या तथा समाधान<br>    • राष्ट्रिय क्षयरोग कार्यक्रमको नीति रणनीतिहरुमा भएका परिमार्जनमा अध्यावधिक ।<br>    • स्वास्थ्यकर्मिहरुलाई क्षयरोग उपचारका विधि तथा रेनिमेनमा भएका परिवर्तन, कार्यक्रमको रेकर्डिङ तथा रिर्पोटिङ लगायत अन्य सम्वन्धित विषयमा स्थ्यकर्मिहरुको ज्ञान तथा शिप अभिवृद्धि ।<br>• उत्कृष्ट कार्यसम्पादन गर्ने जिल्लाको अनुभव आदान प्रदान गर्ने । |

| | |
|---|---|
| | • कार्यक्रम सञ्चालनमा आई परेका समस्याहरुको पहिचान तथा समाधानका उपाय बारे छलफल गर्ने र त्यसको समाधानका लागि कार्ययोजना निर्माण।<br>• स्थानान्तरण भई आएका तथा स्थानान्तरण भइ गएका क्षयरोगका बिरामीहरुको उपचार नतिजा मिलान गर्ने ।<br>• क्षयरोग निदान तथा उपचारमा अद्यावधिक भएका विषयवस्तु बारे जानकारी गराउने ।<br>• बिरामीका संख्याका आधारमा आगमी चौमासिक अवधिका लागी आवश्यक औषधी परिमाण निर्धारण गरि माग गर्ने । |
| आर्थिक बाँडफाँड | प्रचलित नेपाल कानून र अर्थ मन्त्रालयको कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम विनियोजित बजेटको परिधि भित्र रही खर्च गर्नु पर्नेछ । |
| अभिलेख प्रतिवेदन | कार्यक्रम संचालन पश्चात प्रतिवेदन तयार गरि eTB Register प्रयोग गर्ने स्वास्थ्य संस्थाका विवरण र समिक्षा गोष्ठिमा कार्यक्रममा देखिएका चुनैतिहरू लाइ समाधान गर्न कार्ययोजना निर्माणा गरि प्रदेश एवम रा.क्ष.के. लाइ उपलब्ध गराउने । |

## ५ आवश्यकतानुसार टिवी एच यम आई यस टुल्स छपाईः

| | |
|---|---|
| **परिचय** | क्षयरोगसंग सम्बन्धि Reporting Recording लाई व्यवस्थित गर्न HMIS Tools छपाई गर्न आवश्यक भएकोले यो कृयाकालाप राखिएको हो । |
| **उद्देश्य** | क्षयरोगको तथ्याङ्क उपलव्धताको सुनिश्चित भएको हुने। |
| **अपेक्षित उपलब्धि** | • समयमा तथ्याङ्क रेकर्डिङ्ग रिपोर्टिङ्ग हुनेछ। |
| **सञ्चालन प्रकृया** | **कार्यान्वयन गर्ने निकायः** स्वास्थ्य निर्देशनालय<br>**क्रियाकलापहरु**<br>• स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखाबाट स्वीकृत स्पेशिफिकेशन बमोजिम आवश्यक क्षयरोग सम्वन्धी Tools छपाई तथा वितरण। |
| **बजेट बाँडफाँड** | • बजेटको परिधि भित्र रही विद्यमान ऐन,नियमानुसार गर्ने। |
| | |

## ६ आधारभुत माइक्रोस्कोपी तथा एल क्यू एस एस सम्बन्धी तालिमः

| | |
|---|---|
| परिचय | क्षयरोगको निदानमा संलग्न प्रयोगशालाकर्मीहरूको खकार परीक्षण सम्बन्धी ज्ञान तथा शिप अद्यावधिक गर्ने तथा परीक्षण गरिएका स्लाइडको गुणस्तर परीक्षण गर्न LQAS विधि वारे जानकारी दिन यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | प्रयोगशालामा कार्यरत कर्मचारीहरुको गुणस्तरीय खकार परीक्षण सम्वन्धि ज्ञान र सीप अभिबृद्धि गर्ने । |
| सहभागी | क्षयरोग Microscopy Center मा काम गर्ने प्रयोगशाला कर्मचारीहरु |
| सहभागीको संख्या | १० जना |
| श्रोत व्यक्ति सहजकर्ता | प्रदेश जनस्वास्थ्य प्रयोगशाला स्वास्थ्य निर्देशक,प्रयोगशाला विज्ञ |
| तालिम अवधि | ३ दिन |

| | |
|---|---|
| कार्यान्वयन प्रकृया | **कार्यान्वयन गर्ने निकायः** प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला । गण्डकी प्रदेश को लागि क्षयरोग उपचार तथा प्रेषण केन्द्र । कर्णाली प्रदेशमा स्वास्थ्य निर्देसनालय ।<br>• तालिममा सकभर एक सहभागीलाई एक माईक्रोस्कोप उपलब्ध गराउने ।<br>• तालिम सञ्चालन हुने प्रयोगशालामा पानी, बिजुली लगायत अन्य सामाग्रीहरु ब्यवस्थापन गर्ने<br>• संलग्न वजेट बाँडफाँडको आधारमा सहजकर्ता, सहभागी तथा श्रोत ब्यक्तिको छनोट गर्ने<br>**तालिम विधिः** आधारभुत जेड एन माईक्रोस्कोपी तालिम निर्देशिका अनुसार अध्यापन गराउने, प्रस्तुतिकरण, प्रयोगात्मक अभ्यास आदि । |
| **आर्थिक बाँडफाँड** | विनियोजित बजेटको परिधि भित्र रही नेपाल सरकारको कार्य सञ्चालन निर्देशिका बमोजिम । |

**७ क्षयरोगका जाखिम समुहमा क्षयरोग स्क्रिनिङ तथा सक्रिय खोजपडताल कार्यक्रम सञ्चालनः**

| | |
|---|---|
| परिचय | राष्ट्रिय प्रीभ्यालेन्स सर्भेक्षणले समुदाय निदान नभएका क्षयरोगका बिरामीहरूको संख्या अत्याधिक (हाल निदानमा आएका भन्दा झण्डै दोव्वर) रहेको देखाएकोले समुदायमा क्षयरोगका विरामीको निदानका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | जोखिम समूहमा क्षयरोग निदान गर्ने। |
| अपेक्षित प्रतिफल | नयाँ क्षयरोगी पत्ता लागेको हुनेछ। |
| कार्यान्वयन प्रकृया **सम्भावित क्रियाकलपाहरू** | **१. सक्रिय क्षयरोग खोजपडताल घुम्ति शिविर वर्षमा कम्तिमा ३ पटक (हटस्पटमा)**<br>देहायका जोखिम क्षेत्रमा स्क्रिनिङ्ग तथा खोजपडताल गर्नुपर्नेछ ।<br>• एच आइ भी संक्रमित<br>• कैदी बन्दी<br>• स्वास्थय पँहुच बाहिरका जनसमुदाय<br>• कारखाना मजदुर<br>• सुकुम्वासी, स्लम बस्ति<br>• अन्य जोखिम समुहहरू<br>कार्यक्रम संचालनका थप जानकारीका लागि सकृय क्षयरोग खोजपडताल गाइडलाइन हेर्ने र सो अनुसार गर्ने। |
| आर्थिक वाँडफाँड | विनियोजित रकमको परिधीमा रही प्रचलित ऐन नियम बमोजिम। |

**८ आधारभूत माइक्रोस्कोपी र तथा एल क्यू एस एस सम्बन्धी तालिम**

| | |
|---|---|
| परिचय | क्षयरोगको निदानमा संलग्न प्रयोगशालाकर्मीहरूको खकार परीक्षण सम्बन्धी ज्ञान तथा शिप अद्यावधिक गर्ने तथा परीक्षण गरिएका स्लाइडको गुणस्तर परीक्षण गर्न LQAS विधि वारे जानकारी दिन यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | प्रयोगशालामा कार्यरत कर्मचारीहरुको गुणस्तरीय खकार परीक्षण सम्वन्धि ज्ञान र सीप अभिबृद्धि गर्ने । |
| सहभागी | क्षयरोग Microscopy Center मा काम गर्ने प्रयोगशाला कर्मचारीहरु |
| सहभागीको संख्या | १० जना |
| श्रोत व्यक्ति सहजकर्ता | प्रदेश जनस्वास्थ्य प्रयोगशाला स्वास्थ्य निर्देशक, प्रयोगशाला विज्ञ |
| तालिम अवधि | ३ दिन |

| | |
|---|---|
| कार्यान्वयन प्रकृया | **कार्यान्वयन गर्ने निकायः** प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला । गण्डकी प्रदेश को लागि क्षयरोग उपचार तथा प्रेषण केन्द्र । कर्णाली प्रदेशमा स्वास्थ्य निर्देसनालय ।<br>• तालिममा सकभर एक सहभागीलाई एक माईक्रोस्कोप उपलब्ध गराउने ।<br>• तालिम सञ्चालन हुने प्रयोगशालामा पानी, बिजुली लगायत अन्य सामाग्रीहरु ब्यवस्थापन गर्ने ।<br>• संलग्न वजेट बाँडफाँडको आधारमा सहजकर्ता, सहभागी तथा श्रोत ब्यक्तिको छनोट गर्ने<br>**तालिम विधिः** आधारभुत जेड एन माईक्रोस्कोपी तालिम निर्देशिका अनुसार अध्यापन गराउने, प्रस्तुतिकरण, प्रयोगात्मक अभ्यास आदि |
| **आर्थिक बाँडफाँड** | विनियोजित बजेटका आधारमा अनुसूची १ (क)अनुसार |
| | |

**९ निजी मेडिकल कलेज, संघीय, प्रादेशिक तथा अन्य अस्पतालमा औषधी प्रतिरोधी क्षयरोग सम्बन्धी सि.एम.इ**

| | |
|---|---|
| परिचय | औषधि प्रतिरोधी क्षयरोग उपचारमा संलग्न चिकित्सक, स्वास्थ्यकर्मी र ल्याबकर्मीहरू लाई ज्ञान सीप अद्यावधिक राख्न र उपचार व्यवस्थापनमा आइ परेका समस्याबारे छलफल गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | औषधि प्रतिरोधी क्षयरोग उपचारमा संलग्न चिकित्सक, स्वास्थ्यकर्मी र ल्याबकर्मीहरू लाई ज्ञान सीप अद्यावधिक गर्ने कार्य सञ्चालनका समस्या समाधान गर्ने। |
| अपेक्षित प्रतिफल | औषधि प्रतिरोधी क्षयरोग उपचारमा संलग्न चिकित्सक, स्वास्थ्यकर्मी र ल्याबकर्मीहरू लाई ज्ञान सीप अद्यावधिक भएको हुनेछ। |
| कार्यसञ्चालन प्रकृया | • उपचार केन्द्रसंग समन्वय गरी Mentoring मिति तय गर्ने<br>• प्रशिक्षण सहयोगका लागी राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रलाई अनुरोध गर्न सकिनेछ।<br>• षधी प्रतिरोधी क्षयरोग उपचारमा तथा प्रतिकूल प्रभाव व्यवस्थापनमा आई परेका समस्याबारे छलफल गर्ने ,सम्बन्धित उपचार केन्द्रमा गई औषधी प्रतिरोधी क्षयरोग सम्बन्धी Mentoring गर्ने। |
| बजेट वाँडफाँड | विनियोजित रकमको परिधिमा रहि नेपाल सरकारको कार्यसञ्चालन निर्देशिका बमोजिम ।र |
| अभिलेख प्रतिवेदन | कार्यक्रम संचालनको अभिलेख राखी रा. क्ष.नि.के मा पनि पठाउनुपर्नेछ। |

**१० स्थलगत अनुशिक्षण तथा अनुगमन र विश्व क्षयरोग दिवस मनाउने**

| | |
|---|---|
| परिचय | क्षयरोग कार्यक्रमप्रति नीति निर्माण तहसम्मको प्रभावकारी प्रतिवद्धता हासिल गर्न गर्नुका साथै यस रोगबाट मृत्यु भएका व्यक्तिहरुको सम्झना स्वरुप विश्व क्षयरोग दिवस मनाउन यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | क्षयरोग नियन्त्रणमा राजनीतिज्ञ, समाजसेवी, बुद्धिजिवी, नीति निर्माताहरु सहयोग प्राप्त गर्ने, जनचेतान जगाउने यस दिवसको मुख्य उद्देश्य हो । |
| अपेक्षित उपलब्धि | • नीति निर्माता तथा राजनीतिज्ञहरुको क्षयरोग नियन्त्रण कार्यक्रममा प्रतिबद्धता बढ्ने।<br>• समुदायमा क्षयरोगप्रति रहेको नकारात्मक धारणामा कमी आउने। |
| सञ्चालन प्रकृया | **कार्यान्वयन गर्ने निकायः** स्वास्थ्य निर्देशनालय एवं स्वास्थ्य कार्यालय<br>**सम्भावित क्रियाकलापहरु**<br>• क्षयरोग सम्वन्धी शिक्षा, सूचना र सञ्चारका सामाग्रीहरुको प्रदर्शनी तथा वितरण।<br>• क्षयरोग चेतनामुलक सांस्कृतिक कार्यक्रम, सडक नाटक, बादविवाद, हाजिरीजवाफ प्रतियोगिता, र्‍याली आदि।<br>• एफ एम रेडियो र टेलिभिजन तथा स्थानीय अन्य संचार माध्यम मार्फत क्षयरोग बारे सन्देश प्रवाह |

| | |
|---|---|
| | • पत्रकार अन्तरक्रिया, अन्तरसंवाद आदि गर्ने ।<br>• बिरामीलाई सम्मान, फलफुल बितरण आदि ।<br>**सञ्चालन प्रकृयाः**<br>• प्रदेश स्वास्थ्य निर्देशक स्वास्थ्य प्रमुखको अध्यक्षतामा सरकारी तथा गैरसरकारी निकाय सम्मिलित विश्व क्षयरोग दिवश सञ्चालन सम्बन्धी वैठक बसी उपलब्ध स्रोतका अधारमा सञ्चालन गरिने कार्यक्रमहरूको सुची तयार गरी कार्य योजना बनाई सोही अनुसार कार्यान्वयन गर्ने । |
| बजेट बाँडफाँड | • उपलव्ध बजेट अनुसार प्रचलित ऐन कानूनको परिधीमा रहि सञ्चालन गर्ने . |
| | |

**११ प्रदेश आपूर्ति केन्द्रबाट जिल्ला सम्म औषधि ढुवानी तथा कार्यक्रम सम्बन्धि सुपरिबेक्षणः**

| | |
|---|---|
| परिचय | औषधी तथा ल्याव लगायत अन्य सामग्रीहरुको नियमित र आकस्मिक आपूर्ति तथा क्षयरोग औषधी भण्डार व्यवस्थापन अनुगमन र स्थलगत अनुशिक्षण गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | • क्षयरोगको औषधी, ल्याव सामग्री एवं अन्य सामाग्री स्वास्थ्य कार्यालय वा स्थानीय तहमा उलब्ध गराउने<br>• भण्डार व्यवस्थापन अनुगमन |
| अपेक्षित प्रतिफल | क्षयरोग औषधी, ल्याब केमिकल्स एवं अन्य सामाग्रीको आपूर्ति भएको र उचित भण्डारण तथा वितरण भएको हुनेछ । |
| कार्यान्वयन प्रकृया | **क) कार्यान्वयन गर्ने निकाय :** प्रदेश आपूर्ति व्यवस्थापन केन्द्र<br>• स्वास्थ्य कार्यालय एवं स्थानीय तहसम्म नियमित तथा आकस्मिक अवस्थामा क्षयरोगका औषधी, ल्याब सामाग्री, फर्मफरमेट तथा अन्य सामाग्री जिल्ला सम्म ढुवानी गर्ने ।<br>• क्षयरोगका औषधी एवं अन्य समाग्रीको भण्डारण उचित तरिकाले भए नभएको अनुगमन र स्थलगत अनुशिक्षण गर्ने ।<br>• क्षयरोगका औषधीको परिणाम स्टोर लेजरबुक मा अध्यावधि भए नभएको रिभ्यु एवं फिजिकल भेरिफिकेसन गर्ने ।<br>• जिल्ला स्टोरका कर्मचारीलाइ उचित भण्डारणका मापदण्डका बारेमा अनुशिक्षण गर्ने । |
| आर्थिक वाँडफाँड | प्रचलित आर्थिक ऐन नियम अनुसार |
| प्रतिवेदन | अनुगमन पश्चात प्रतिवेदन तयार गरी राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र, स्वास्थ्य निर्देशनलाय, स्वास्थ्य कार्यालय र स्थानीय तहमामा पठाउने । |

## १२ एम डी आर सेन्टर सव सेन्टर नयाँ विस्तार एवं संचालनमा भएकालाइ आवस्यक सुदृढिकरण

| | |
|---|---|
| परिचय | सञ्चालनमा रहेका तथा विस्तार गर्न लागिएका औषधी प्रतिरोधी क्षयरोग उपचार केन्द्रका लागि आवश्यक सामग्री, औजार तथा उपकरणहरूको व्यवस्था गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | औषधी प्रतिरोधी क्षयरोगका विरामीहरुलाई सहज रुपमा उपचार गराउने। |
| अपेक्षित उपलब्धी | औषधी प्रतिराधी क्षयरोग उपचार केन्द्र विस्तार भई बिरामीको सहज उपचार भएको हुनेछ। |
| कार्य सञ्चालन प्रकृया | **कार्यान्वयन गर्ने निकायः** स्वास्थ्य निर्देशनालय<br>• औषधी प्रतिरोधी क्षयरोगका विरामीहरु धेरै भएका जिल्लाका अस्पताल, जिनएक्सपर्ट सेन्टर तथा प्राथमिक स्वास्थ्य केन्द्रलाई उपचार केन्द्रका रुपमा विस्तार गर्न प्राथमिकिकरण गर्ने।<br>• विरामीलाई पायक पर्ने र प्राथमिकतामा परेका अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्रहरूमा डि.आर. उपचार केन्द्र तथा उपकेन्द्र विस्तार गर्ने।<br>• सन्चालनमा रहेका उपचार केन्द्रहरुमा र विस्तार गर्न लागिएका उपचार केन्द्र तथा उपकेन्द्रहरुमा आवश्यकता अनुसार अनुसूचि ... मा उल्लेख भएका सामग्री तथा थप अन्य सामाग्रीहरू खरिद गर्ने।<br>• खरीद भएको सामग्री स्वास्थ्य संस्था (औषधी प्रतिराधी क्षयरोग उपचार केन्द्र )मा उपलब्ध गराउने। |
| बजेट बाँडफाँड | बिनियोजित बजेटको परिधि भित्र रही प्रचलित खरिद ऐन तथा नियमावली अनुसार |
| अभिलेख प्रतिवेदन | विस्तार भएको डि.आर क्षयरोग उपचार केन्द्र वा उपकेन्द्रको विवरण राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रलाइ गराउने। |

## १३ औषधि प्रतिरोधी क्षयरोग (डि.आर.) को व्यवस्थापन सम्बन्धी आधारभुत तालिमः

| | |
|---|---|
| परिचय | औषधी प्रतिरोधी क्षयरोगमा संलग्न स्वास्थ्यकर्मीहरुको औषधी प्रतिरोधी क्षयरोगको व्यवस्थापन सम्बन्धी ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | औषधी प्रतिरोधी क्षयरोग उपचार व्यवस्थापन गर्न स्वास्थ्यकर्मीहरुलाई सक्षम गराउने। |
| अपेक्षित प्रतिफल | औषधी प्रतिरोधी क्षयरोग उपचार व्यवस्थापन गर्न सक्षम भएका हुनेछन। |
| कार्य सञ्चालन प्रकृया | **कार्यान्वयन गर्ने निकायः** प्रदेश स्वास्थ्य तालिम केन्द्र।<br>**स्रोत व्यक्ति सहजकर्ताः** औषधी प्रतिरोधी क्षयरोग उपचार व्यवस्थापन सम्बन्धी तालिम प्राप्त चिकित्सक/स्वास्थ्यकर्मी, कल्चर ल्यावका कर्मचारी, क्षयरोग फोकल पर्सन एवं सम्बिन्धत विषय विज्ञहरू ।<br>**सहभागीहररूः** डि.आर उपचारमा प्रत्यक्ष संलग्न चिकित्सक तथा स्वास्थ्यकर्मीहरू<br>**तालिम अवधिः** ५ दिन<br>• हाल संचालनमा रहेका र सेवा विस्तार गर्न योजना गरिएका डि.आर उपचार केन्द्र तथा उपकेन्द्रका स्वास्थ्यकर्मिहरूको सुचि तयार गर्ने। नयाँ डि.आर उपचार केन्द्र बाट चार जना र उपकेन्द्रबाट २ जना सहभागि गराउने र संचालनमा रहेका उपचार केन्द्रका तालिम नलिएका स्वास्थयकर्मी<br>• तालिम सञ्चालनको उदेश्य, तालिम हुने स्थान, मिति र समय सहित कम्तीमा एक हप्ता अगावै स्वास्थ्य संस्था (उपचार केन्द्र, उपकेन्द्र )लाई पत्राचार गर्ने।<br>• सहजकर्ताको लागि राष्टिय क्षयरोग नियन्त्रण केन्द्र संग समन्वय गर्ने।<br>• औषधी प्रतिरोधी क्षयरोग तालिम पुस्तिका अनुसार तालिम सञ्चालन गर्ने।<br>**तालिम विधिः** प्रस्तुतिकरण, समूह कार्य, छलफल, फिल्ड भिजिट, अभ्यास |
| बजेट बाँडफाँड | विनियोजित रकमको परिधीमा रही अनसूची १ (क)अनुसार |
| अभिलेख प्रतिवेदन | अनुसूची ... अनुसारको प्रतिवेदन तयार गरी रा.क्ष.नि.के मा पठाउने। |

| | |
|---|---|
| सन्दर्भ सामाग्री | प्रशिक्षक निर्देशिका, औषधी प्रतिरोधी क्षयरोग तालिम पुस्तिका, क्षयरोग सेवा अभिलेख तथा प्रतिवेदन फारामहरु |
| **थप व्याख्या** | उपचार केन्द्र उपकेन्द कम भएका कारण प्रदेशको संयूक्त तालिम सञ्चालन गर्न रकम विनियोजन भएकोले स्वास्थ्य निर्देशनालय / प्रदेशसँग समन्वय गरी तालिम सञ्चालन गर्ने । |

**१४ औषधी प्रतिरोधी क्षयरोगका बिरामीहरूका लागि पोषण, यातायात तथा आधारभूत परीक्षण तथा जटिलता व्यवस्थापन खर्च तथा जटिलता व्यवस्थापन खर्चः**

| | |
|---|---|
| परिचय | औषधी प्रतिरोधी क्षयरोग निदान,आधारभूत परीक्षण, जटिलता व्यवस्थापन, पोषणयुक्त खाना तथा उपचार लिन लाग्ने यातायात खर्चको भार बिरामीलाई पर्न नदिने उदेश्यले यो कार्यक्रमको राखिएको हो । |
| उद्देश्य | औषधी प्रतिरोधी क्षयरोग निदान,अन्य परीक्षण, जटिलता व्यवस्थापन तथा यातायात खर्चको भार कम हुने र उपचारमा नियमिततता भई निको हुने दर बढने । |
| अपेक्षित प्रतिफल | औषधी प्रतिरोधी क्षयरोगका बिरामीलाई रोग निदान तथा उपचारको आर्थिक भार कम भएको हुनेछ ।<br>औषधी प्रतिरोधी क्षयरोग निको हुने दर बृद्धि भएको हुनेछ । |
| कार्य सञ्चालन प्रकृया | **कार्यान्वयन गर्ने निकायः** स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालय र औषधी प्रतिरोधी क्षयरोग उपचार केन्द्रहरू<br>**सुविधा खर्च पाउने व्यक्तिः** उपचारमा रहेका औषधी प्रतिरोधी क्षयरोग विरामीहरु<br>**सुविधा पाउने अवधिः** उपचार अवधिभर<br>**कार्यान्वयन प्रकृया**<br>**क) औषधी प्रतिरोधी क्षयरोगका बिरामीहरूका लागि पोषण, यातायात**<br>• औषधी प्रतिरोधी क्षयरोग उपचार केन्द्रलाई उपचाररत औषधी प्रतिरोधी क्षयरोगका बिरामीहरुको पायक पर्ने बैकमा अनिवार्य खाता खोल्न लगाइ र सो को विवरण पेश गर्न लगाउने ।<br>• औषधी प्रतिरोधी क्षयरोग उपचार केन्द्रमा दर्ता भएका बिरामीहरूमध्ये आवसीय सुविधा (Hostel) प्रयोग गरी उपचार लिने र केन्द्रमा दैनिक आवत जावत गरी उपचार लिने विरामीहरुको विवरण माग गर्ने ।<br>• विवरण साथ बिरामी उपचार कार्ड तथा पहिचान खुल्ने प्रमाण समेत पठाउन लगाउने । आवासीय सुविधा लिइरहेका विरामीको हकमा उपस्थिति विवरण लिने ।<br>• स्वास्थ्य कार्यालयबाट औषधी प्रतिरोधी क्षयरोग उपचार केन्द्रहरूले उपलब्ध गराएको विवरणको आधारमा मासिक रुपमा बिरामीको बैक खातामा रकम जम्मा गरि दिने र सो को जानकारी सम्बन्धित उपचार केन्द्रलाइ दिने ।<br>• यदि जिल्लामा रकम अपूग भएमा स्वास्थ्य निर्देशनालयबाट अपूग रकमको व्यवस्थापन गर्ने ।<br>• नयाँ विस्तार गरिएका उपचार केन्द्रहरुबाट सेवा लिएका विरामीहरुको पोषण भत्ता तथा यातायात खर्च पनि स्वास्थ्य निर्देशनालयबाट नै व्यवस्थापन गर्ने ।<br>ख) **आधारभूत परीक्षण तथा जटिलता व्यवस्थापन खर्च**<br>• नेपाल सरकार, राष्ट्रिय वीमा कार्यक्रमले औषधी प्रतिरोधी क्षयरोगका बिरामीहरूको रू १,००,००० ।० वरावरको निःशुल्क वीमा व्यवस्था गरेकोले निदान, आधारभूत परीक्षण तथा जटिलता व्यवस्थापन गर्न वीमा सुविधायुक्त अस्पतालमा पठाउने ।<br>• साथै डि.आर. बिरामीको आधारभुत तथा नियमित फलोअप परिक्षणका लागि गरिएको ल्याव परिक्षण शुल्क सुदुरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशका विरामीका लागी टि.बि. नेपालले बाँके र |

| | |
|---|---|
| | प्रदेश १, प्रदेश २, बाग्मती र गण्डकी प्रदेशका लागि नाटा काठमाण्डु मा ग्लोबल फण्ड सहायता अन्तर्गत बजेट उपलव्ध गराइएकाले ति निकायमा परिक्षणको बिलभरपाइ बुझाइ भुक्तानी लिने।<br>● माथि उपलव्ध स्रोत बाट उपव्ध गराउन समस्या भएमा वा थप खर्च आवश्यकता भएमा मात्र यस शीर्षकबाट खर्च लेख्नु पर्दछ। |
| बजेट वाँडफाँड | क) दैनिक उपचारकेन्द्रमा आएर सेवा लिने विरामीलाई मासिक रु ३०००।–<br>ख) आबास सुविधा (Hostel) प्रयोग गर्ने विरामीलाई मासिक रु १०००।–<br>ग) निदान, आधारभूत परीक्षण तथा जटिलता व्यवस्थापन खर्च भएको रकम बिल अनुसार (बिमा तथा अन्य स्रोतबाट अपुग भएको खण्डमा मात्र) |
| अभिलेख प्रतिवेदन | **आवासीय सुविधा सहित उपचार लिने र** दैनिक आवत जावत गरी उपचार लिने विरामी अनुसार वितरण गरिएको खर्चको अभिलेख अद्यावधिक राख्ने र रा.क्ष. नि. के. मा पठाउने। |

**१५ औषधी प्रतिरोधी क्षयरोगका बिरामीहरूका लागि पोषण, यातायात तथा आधारभूत परीक्षण तथा जटिलता व्यवस्थापन खर्च तथा जटिलता व्यवस्थापन खर्च (बिरामी र मागका आधारमा नपुग रकम)**

| | |
|---|---|
| परिचय | स्वास्थ्य कार्यालयमा विनियोजन भएको रकम अपुग भएमा वा अन्य नयाँ जिल्लामा उपचार केन्द्र विस्तार भै विरामी थप हुँदा औषधी प्रतिरोधी क्षयरोग आधारभूत परीक्षण, जटिलता व्यवस्थापन, पोषणयुक्त खाना तथा उपचार लिन लाग्ने यातायात खर्चको भार बिरामीलाई पर्न नदिने उदेश्यले यो कार्यक्रमको राखिएको हो। |
| उद्देश्य | औषधी प्रतिरोधी क्षयरोग निदान,अन्य परीक्षण, जटिलता व्यवस्थापन तथा यातायात खर्चको भार कम हुने र उपचारमा नियमितता भई निको हुने दर बढ्ने। |
| अपेक्षित प्रतिफल | औषधी प्रतिरोधी क्षयरोगका बिरामीलाई रोग निदान तथा उपचारको आर्थिक भार कम भएको हुनेछ। औषधी प्रतिरोधी क्षयरोग निको हुने दर बृद्धि भएको हुनेछ। |
| कार्य सञ्चालन प्रकृया | **कार्यान्वयन गर्ने निकायः** स्वास्थ्य निर्देशनालय र औषधी प्रतिरोधी क्षयरोग उपचार केन्द्रहरू<br>**सुविधा खर्च पाउने व्यक्तिः** उपचारमा रहेका औषधी प्रतिरोधी क्षयरोग विरामीहरु<br>**सुविधा पाउने अवधिः** उपचार अवधिभर<br>**कार्यान्वयन प्रकृया**<br>● स्वास्थ्य कार्यालयमा विनियोजन गरिएको रकम अपुग भएमा वा नयाँ उपचार केन्द्रमा भएका बिरामीलाइ पोषण, यातायात तथा आधारभूत परीक्षण तथा जटिलता व्यवस्थापन खर्च उपलव्ध गराउनु पर्ने भएमा यस शिर्षक बाट खर्च गर्ने।<br>● कार्यान्वयन प्रकृया माथि सि.नं १४ मा उल्लेख भए बमोजिम गर्ने। |
| बजेट वाँडफाँड | क) दैनिक उपचारकेन्द्रमा आएर सेवा लिने विरामीलाई मासिक रु ३०००।–<br>ख) आबास सुविधा (Hostel) प्रयोग गर्ने विरामीलाई मासिक रु १०००।–<br>ग) निदान, आधारभूत परीक्षण तथा जटिलता व्यवस्थापन खर्च भएको रकम बिल अनुसार (वीमा रकमले नखामेको खण्डमा मात्र)<br>घ) परीक्षण तथा उपचार गर्न जाँदाको वास्तविक यातायात खर्च ।<br>जिल्लामा विनियोजित बजेट अपुग भएमा प्रदेश निर्देशनालयमा माग गर्नुहुन। |
| अभिलेख प्रतिवेदन | **आवासीय सुविधा सहित उपचार लिने र** दैनिक आवत जावत गरी उपचार लिने विरामी अनुसार वितरण गरिएको खर्चको अभिलेख अद्यावधिक राख्ने । |

१६ डि. आर. उपचार केन्द्र स्तर चौमासिक मुल्यांकन समिक्षा गोष्ठी

| | |
|---|---|
| परिचय | औषधि प्रतिरोधी क्षयरोगको निदान, उपचार तथा व्यवस्थापन कार्य प्रभावकारी रूपमा भए नभएको समीक्षा गर्न र कार्यक्रम सञ्चालनमा आइपरेका समस्याहरुको विश्लेषण गरी समाधानका कार्ययोजना निर्माण गर्न यो कार्यक्रम राखिएको हो । राष्ट्रिय क्षयरोग कार्यक्रमले लक्षित गरे अनुरुप औषधी प्रतिरोधी क्षयरोगको निदान, निदान भएका विरामीहरुको उपचारमा सहभागिता, उपचारको सुरुवाती चरणमा भएका defaulter, उपचार सुरु भइसकेपछि हुने loss to follow up का बारेमा विस्तृत छलफल गरी त्यस्ता समस्याहरु हटाई Treatment success rate बढाउने यस कार्यक्रमको लक्ष्य रहेको छ । |
| उद्देश्य | • डि.आर. उपचार केन्द्र स्तरमा औषधी प्रतिरोधी क्षयरोगका विरामीहरुको तथ्याङ्क बिश्लेषण गर्ने,<br>• रोग निदान तथा उपचार व्यवस्थापनमा आई परेका समस्याहरु पहिचान गरी समाधानका उपायहरुको खोजी गर्ने ।<br>• Initial Defaulter र Loss to follow up घटाउने तथा Treatment Success rate बढाउने । |
| अपेक्षित प्रतिफल | औषधि प्रतिरोधी क्षयरोगको उपचार तथा व्यवस्थापन प्रभावकारी भएको हुनेछ । |
| सञ्चालन प्रकृया | **सहजकर्ता स्रोत व्यक्तिः** स्वास्थ्य निर्देशक, प्रदेश जनस्वास्थ्य प्रयोगशाला प्रमुख, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र प्रमूख, क्षयरोग सम्पर्क व्यक्ति<br>**सहभागीहरूः** डि.आर सेन्टर तथा सब सेन्टरका फोकल व्यक्ति, जिनएक्पर्ट सेन्टरका ल्याव कर्मचारी, जिल्लाका क्षयरोग एवं ल्याब सुपरभाइजर<br>**अवधिः** २ दिन<br>**स्थानः** स्वास्थ्य निर्देशनालयले तोके बमोजिम ।<br>**सञ्चालन विधिः** |

| | |
|---|---|
| | • चौमासिक समिक्षा सुरु हुनु एक हप्ता अगाडि स्वास्थ्य निर्देशनालयले प्रदेश अन्तर्गतका सबै डि . आर. उपचारकेन्द्रहरुलाई औषधी प्रतिरोधी क्षयरोगको निदान, उपचार व्यवस्थापन, सेवा प्रवाहमा आइपरेका समस्याहरु, समाधानका उपाँयहरु आदिको विष्लेषणात्मक सूचना राष्ट्रिय क्षयरोग कार्यक्रमले तोकेका निर्दिष्ट सूचकांकहरुमा निर्दिष्ट ढाँचामा प्रस्तुस्तिकरण र विगत चौमासिकमा पत्ता लागेका DRTB बिरामीको आधारमा आवश्यक पर्ने औषधी तथा ल्याव सामाग्रीहरुको मात्रा निर्धारण गरी आवश्यकता अनुसार माग फारम सहित उपस्थितीका लागि पत्राचार गर्ने ।<br>• सम्भव भएसम्म क्षयरोग कार्यक्रमको प्रदेश स्तरीय चौमासिक योजना तर्जुमा तथा समिक्षा कार्यक्रम संगै पहिलो दिन यो गोष्ठी संचालन गर्ने व्यवस्था मिलाउने ।<br>• औषधी प्रतिरोधी क्षयरोगको निदान, निदान भएका विरामीहरुको उपचारमा सहभागिता, उपचारको सुरुवाती चरणमा भएका defaulter, उपचार सुरु भइसकेपछि हुने loss to follow up तथा Treatment success rate का बारेमा विस्तृत छलफल गर्ने र समाधानका लागि उपचार केन्द्र, जिन एक्सपर्ट सेन्टर, उपकेन्द्र, स्वास्थ्य कार्यालय र निर्देशनालयबीच समन्वय गर्ने ।<br>• स्वास्थ्य संस्थाहरुमा क्षयरोग निदान, उपचार तथा व्यवस्थापन सम्बन्धी आइपरेका समस्या समाधानका विषयमा छलफल गर्ने र समाधानका लागि सम्बन्धित निकायहरुबीच समन्वय गर्ने ।<br>• औषधी प्रतिरोधी क्षयरोग सम्बन्धमा अद्यावधिक भएका विषयवस्तु वारे जानकारी गराउने ।<br>• विगत चौमासिक अवधिमा डि.आर बिरामीका उपचार कार्ड, रजिष्टर अनुसार DRTB Patient Tracking and Laboratory system मा विरामीको विवरण अद्यावधिक नभएमा पृष्ठपोषण प्रदान गर्ने र अद्यावधिक गर्न समस्या भएका स्वास्थ्य स्वास्थ्यकर्मीहरुलाइ छोटो सेसनको व्यवस्था गर्ने वा |

| | |
|---|---|
| | सम्भव नभए स्वास्थ्य संस्थाहरुमा अनसाइट कोचिङ्गको योजना गर्ने । |
| आर्थिक वाँडफाँड | विनियोजित रकमका आधारमा अनुसूची १ (क) अनुसार |
| अभिलेख प्रतिवेदन | डि.आर विरामीहरुको विवरण व्यवस्थापन गर्न रा.क्ष.नि.के बाट निर्माण भएको online DR TB software मार्फत विरामीहरुको विवरण मासिकरूपमा अध्यावधिक गर्ने र कार्यक्रमको सन्चालन र खर्चको समग्र विस्तृत विवरण सहितको प्रतिवेदन राष्टिय क्षयरोग नियन्त्रण केन्द्रमा पेश गर्ने । |

१७ अटोमेटिक पि सी आर(जिन एक्स्पर्ट) बिस्तार गर्न एसी, प्रिन्टर, ब्याकअप लगायतका सामाग्री खरिद एबम फिटिंग खर्च

| | |
|---|---|
| परिचय | द्रुत परीक्षणमा प्रयोग हुने अटोमेटिक पि सी आर (जिन एक्स्पर्ट) सेवा विस्तार गर्न आवश्यक पर्ने एसि, प्रिन्टर, रेफ्रिजेरेटर, विद्युत व्याकअप लगायत अन्य आवश्यक सामाग्री खरिद एंव जडान गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | **द्रुत परीक्षण** परीक्षण विधिवाट क्षयरोग निदान गर्न **अटोमेटिक पि सी आर (**जिन एक्सपर्ट) विधि सेवा विस्तार गर्ने । |
| अपेक्षित प्रतिफल | **अटोमेटिक पि सी आर(जिन एक्स्पर्ट) विस्तार भएको हुनेछ ।** |
| कार्यान्वयन प्रकृया | **कार्यान्वयन गर्ने निकायः** प्रदेश जनस्वास्थय प्रयोगशाला, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको लागि क्षयरोग उपचार तथा प्रेषण केन्द्र ।<br>• राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रसँग समन्वय गरी नयाँ सेवा विस्तार गरिने स्वास्थ्य संस्था छनौट गर्ने,<br>• छनौटमा परेका स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार अवस्थाको अध्ययन गरी सेवा विस्तार गर्न आवश्यक आवश्यक सामाग्रीहरुको सूची तयार गर्ने ।<br>• बिनियोजित बजेटको परिधिमा रही क्रमसः AC, Battery/solar power back up, Vortex, Refrigerator, Autoclave, Printer, Furniture ( chair, table, cupboard, Rack) Centrifudge Tube आदी प्राथमिकिकरण गरी सामाग्रीहरू खरीद एवं जडान गर्ने ।<br>**• सेवा विस्तार गरिने संस्थामा इन्टरनेट सुविधा नभए इन्टरनेट समेत जडान गर्ने ।**<br>**नोट** AC, Battery/solar power back up, को स्पेशिफिकेसन अनुसूची १० मा रहेको छ । |
| बजेट वाँडफाँड | बजेटको परिधि भित्र रही सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) अनुसार |
| अभिलेख प्रतिवेदन | खरीद भएका सामाग्री दखिला गर्ने र सम्बन्धित निकायमा प्रतिबेदन पेश गर्ने । |

१८ आकस्मिक व्यवस्थापन खर्च ( एन्सिलरि औषधि खरिद री एजेन्ट,माइक्रोस्कोपिक मर्मत तथा ढुवानी खर्च,अन्य आवश्यक सामग्री खरीद आदि)

| | |
|---|---|
| परिचय | क्षयरोग निदान तथा उपचार व्यवस्थापन गर्न तोकिएका क्रियाकलापमा विनियोजित बजेट कम हुन गई निदान तथा उपचार व्यवस्थापनमा बाधा नहोस भन्ने उदेश्यले यो कार्यक्रम व्यवस्था गरिएको हो । |
| उद्देश्य | क्षयरोग निदान तथा उपचार व्यवस्थापन गर्न आकस्मिक रूपमा आइ परेका समस्या समाधान गर्ने । |
| अपेक्षित प्रतिफल | क्षयरोग निदान तथा उपचार सेवा निरन्तर सञ्चालन भएको हुनेछ । |
| सञ्चालन प्रकृया | विनियोजित रकम निम्नानुसार खर्च गर्न सकिनेछ ।<br>**क)एन्सिलरी औषधी खरीद**<br>• अन्तर्गतका औषधी प्रतिरोधी उपचार केन्द्रमा उपचाररत डि.आर. क्षयरोगका विरामीको लगत तयार गर्ने ।<br>• उपचाररत विरामीको संख्या र २० प्रतिशत जगेडा राख्ने गरी औषधीको आवश्यक परिमाण यकिन गर्ने ।<br>• अनुसूची ९ अनुसार विज्ञ चिकित्सक वा रा.क्ष.नि.के. बाट प्राप्त राय वमोजिम अन्य औषधी खरीद गरी विरामीको संख्या अनुसार डि.आर उपचार केन्द्रहरुमा आपूर्ति गर्ने ।<br>**ख) माइक्रोस्कोपी मर्मत तथा ढुवानी खर्चः**<br>• विग्रिएका माईक्रोस्कोपको विवरण पठाई दिन अन्तर्गतका माईकोस्कोपी सेन्टरलाई पत्राचार गर्ने<br>• स्थानीय स्तरमा रहेका मर्मत सम्भार सेन्टरसँग (सम्भव भएसम्म बायोमेडीकल ईन्जीनीयर वा माईक्रोस्कोप मर्मत सम्बन्धी तालिम प्राप्त व्यक्ति) मर्मत गराउने ।<br>• स्थानीय स्तरमा मर्मत हुन नसक्ने भएमा राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रसँग समन्वय गर्ने ।<br>• विनियोजित रकमबाट माईक्रोस्कोप ढुवानी, मर्मत, पाट पूर्जाहरुको भुक्तानी, पारिश्रमिक र दै.तथा भ्रमण खर्च गर्ने ।<br>**ग) ल्याव कन्जुमेवल तथा अन्य आवश्यक सामग्री खरीदः**<br>यस कार्यका लागी *ल्याव रिजेन्ट तथा कन्जुमेबल्स खरिद ढुवानी तथा स्थलगतअनुशिक्षण अनुगमन क्यूसी स्लाइड कलेक्सन* शिर्षकमा बजेट व्यवस्था भएकोले आकस्मिक अवस्थामा बाहेक सोही अनुसार खरीद गर्ने ।<br>**घ) अन्य आकस्मिक खर्चः** अभिलेख, प्रतिवेदन फाराम छपाई, डिफल्टर अनुगमन खर्च, बिरामी जाँच तथा ल्याब कक्ष मर्मत सम्भार, सञ्चार खर्च,जेन अक्स्पोर्ट को लागि इन्टरनेट आदि |
| बजेट बाँडफाँड | प्रचलित आर्थिक ऐन नियम अनुसार |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन सार्वजनिक खरिद नियमावली (संसोधन सहित) |

१९ जिनएक्स्पर्ट परिक्षण तथा व्यवस्थापन, मर्मत तथा कार्य संचालन, एक्सपर्ट तथा इन्टरनेट खर्च (जडान एवम महसुल खर्च)

| | |
|---|---|
| परिचय | द्रुत परीक्षणमा प्रयोग हुने अटोमेटिक पि सी आर (जिनएक्स्पर्ट) सेवा सुचारू गर्न आवश्यक हुने सामान्य मर्मत सम्भार जस्तै एसि, प्रिन्टर, विद्युत व्याकअप लगायत अन्य सम्वन्धित सामाग्रीको मर्मत सम्भार, जिनएक्सपर्ट परिक्षण व्यवस्थापन, र online reporting का लागि इन्टरनेट सेवा उपलव्ध गराउन यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | जिनएक्सपर्ट सेवा नियमित र अविछिन्न रूपमा उपलव्ध गराउनुका साथै क्षयरोग परिक्षणको तथ्याङक वास्तविक समयमा उपलव्ध गराउने । |
| जिन एक्स्पर्ट परिक्षण तथा व्यवस्थापन का लागि आवश्यक मापदण्ड | • जिनएक्सपर्ट परिक्षण तथा व्यवस्थापन अन्तर्गत निम्न कार्य बापत रकम उपलव्ध गराउने;<br>  ◦ क्षयरोग निदान भएका बिरामीलाइ परिक्षण नतिजा उपलव्ध भएको साथै टेलिफोन सम्पर्क गरि उपचारमा दर्ता भएको सुनिश्चत गर्ने।<br>  ◦ जिन एक्सपर्ट परिक्षणको विवरण रजिष्टर र online laboratory R&R प्रणालीमा अध्यावधिक राख्ने ।<br>• जिनएक्सपर्ट परिक्षण मा सफल भएका परिक्षणलाई मात्र रकम उपलब्ध गराउने । Error , Invalid र No Result मा रकम उपलब्ध नहुने ।<br>• जिनएक्सपर्ट सेवाका लागि आवश्यक जडान भएका उपकरण जस्तै, ए.सी, रेफ्रिजेरेटर, इन्भर्टर, ब्याट्री, कम्प्युटर तथा प्रिन्टर आदीको मर्मत सम्भार, कार्यालय संचालन र इन्टरनेट खर्च बास्तविक खर्चका आधारमा गर्ने ।<br>• इन्टरनेटको व्यवस्था सम्बन्धित कार्यालयबाट हुन नसकेको अबस्थामा मात्र यस शिर्षक बाट उपलब्ध गराउने । |
| अभिलेख ⁄ प्रतिवेदन | • जिन एक्सपर्ट परिक्षणको प्रतिबेदन मासिक रुपमा प्रदेश जनस्वास्थ्य प्रयोगशाला, स्वास्थ कार्यालय , गण्डकी प्रदेशको हकमा क्षयरोग उपचार केन्द्र , वा कर्णाली प्रदेशमा स्वास्थ्य निर्देशनालायमा उपलब्ध गराउने । |
| आर्थिक बाडफाड | • प्रति जिनएक्सपर्ट सफल परिक्षण बापत रु ५० ।<br>• मर्मत सम्भार,कार्य संचालन र इन्टरनेट खर्च बास्तविक खर्चका आधारमा गर्ने । |

२० प्रदेश गुणस्तर नियन्त्रण प्रयोगशालाहरुका लागी कर्मचारी निरन्तरता

| | |
|---|---|
| परिचय | क्षयरोग खकार माइक्रोस्कोपी परीक्षणमा गुणस्तर सुनिश्चितताको महत्वपूर्ण भूमिका रहेकोछ । गुणस्तर सुनिश्चिता गर्न क्षयरोग निदानका लागी जाँच गरीएका सवै Positive slide र Negative slide मध्ये lot quality विधिबाट Random १० प्रतिशत स्लाइड छानी पुनः परीक्षण गरीनु पर्दछ । यसरी विभिन्न माईक्रोसकोपी सेन्टरमा गरिएका खकार जाँचको गुणस्तर सुनिश्चित गर्न दरवन्दीमा कार्यरत ल्याबकर्मी नपुग भएको अवस्थामा सेवा करारमा आवश्यक कर्मचारी व्यवस्थापन गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | क्षयरोग निदानका लागी जाँच गरीएका सवै Positive slide र Negative slide मध्ये lot quality विधिबाट Random १० प्रतिशत स्लाइड छानी पुनः परीक्षण गर्न ल्याबकर्मी करार सेवामा व्यवस्थापन गर्ने । |

| | |
|---|---|
| अपेक्षित प्रतिफल | क्षयरोग खकार स्लाइडहरूको गुणस्तर सुनिश्चितताकालागी पुन परीक्षण भएको हुनेछ । |
| न्यूनतम शैक्षिक योग्यताः | ल्याब टेक्निसियन – ल्याब टेक्निसियन वा सो सरह कोर्ष उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परीषदमा Class B मा निदान समूहमा दर्ता भएको हुनु पर्ने ।<br>प्रयोगशाला सहयोगी कर्मचारीः एस.ई.ई. वा सो सरह उत्तीर्ण ।<br>पुनश्चः विषयगत सेवामा अनुभव प्राप्त तथा कार्यरत व्यक्तिलाई प्राथमिकता दिन सकिने । |
| सञ्चालन प्रकृया | कार्यान्वयन गर्ने निकायः प्रादेश जनस्वास्थ्य प्रयोगशाला<br>छनौट प्रक्रियाः<br>• सार्वनजिक खरीद ऐन,२०६३ र सार्वजनिक खरीद नियमाली,२०६४ (संशोकन सहित) अनुसार कर्मचारीहरु सेवा करारबाट छनौट गर्ने ।<br>• छनौट भएका ल्याब टेक्निसियन र सहयोगी कर्मचारीहरुसंग अनुसुची ५ बमोजिमको ढाँचामा सम्झौता गरी कामकाजमा लगाउने ।<br>• कार्यरत ल्याब टेक्निसियन र सहयोगी कर्मचारीहरुको कार्यसम्पादन अनुगमन गर्ने । |
| | पद संख्याः<br>ल्याब टेक्निसियन–१<br>प्रयोगशाला सहयोगी (ल्याव ब्वाय) – १ जना |
| आर्थिक वाँडफाँड | नेपाल सकार वा सम्बन्धित प्रदेश सरकारले तोकेको श्रेणी वा तह अनुसारको न्युनतम तलव भत्ताभन्दा कम नहुने गरी आपसी सहमति अनुसार निर्धारण भए वमोजिम ।रकम अपुग भएमा सम्बन्धित प्रदेशबाट बेबस्थापन गर्नु पर्ने । |
| अभिलेख प्रतिवेदन | कर्मचारी छनौट प्रकृयाको विवरण,शैक्षिक योग्यताका प्रमाण पत्र,कार्यविवरण,सम्झौता विवरण आदिको अभिलेख राख्ने ।<br>छनौट भएका ल्याबकर्मीका विवरण राष्टिय क्षयरोग नियन्त्रण केन्द्र मा (email मार्फत) पठाउने । |

२१ ल्याव रिजेन्ट तथा कन्जुमेबल्स खरिद ढुवानी तथा स्थलगतअनुशिक्षण अनुगमन क्यू सी स्लाक्षड कलेक्सन (क्यू सी सेन्टर प्रदेश जनस्वास्थ्य प्रयोग्शाला)

| | |
|---|---|
| परिचय | क्षयरोग निदानका लागि खकार परीक्षण (जेड एन माईक्रोस्कोप तथा फोलोरोसेन्स माईकोस्कोप) गर्न आवश्यक Lab chemicals and consumebales खरिदको लागी यो कार्यक्रम राखिएको हो । |
